PRABHU INSURANCE
protecting your future.

कम्पनी ऐन २०६३ तथा बीमा ऐन २०४९ अन्तर्गत संस्थापित

# प्रभु इन्स्योरेन्स लिमिटेड

केन्द्रीय कार्यालय : तीनकुने, काठमाण्डौं नेपाल, फोन नं.: ५१९९२२०, ५१९९२२६, फ्याक्स नं. :५१९९२४७
Email :info@prabhuinsurance.com, URL:www.prabhuinsurance.com

**को**

## हितग्राही खातामा बोनस शेयर जम्मा गरिएको बारे सूचना

यस प्रभु इन्स्योरेन्स लिमिटेडको २०७९/११/२३ गते सम्पन्न २७औं वार्षिक साधारण सभाबाट पारित ६.७० प्रतिशतका दरले बोनस शेयर नेपाल स्टक एक्सचेन्ज लि. र सिडियस एण्ड क्लियरिङ्ग लि.मा सुचिकृत तथा दर्ता भई अभौतिक रुपमा कारोबार हुने व्यवस्था भईसकेको व्यहोरा जानकारी गराउँदछौं ।

मिति २०७९/११/११ गतेसम्म आफ्नो भौतिक शेयर अभौतिकीकरण गराउनु भएका शेयरधनी महानुभावहरुको बोनस शेयर सम्बन्धित हितग्राही खातामा जम्मा गरिएको व्यहोरा जानकारी गराउँदै सो मिति पश्चात् शेयर अभौतिकीकरण गराएका/गराउने शेयरधनीहरुको हकमा निजको हितग्राही खातामा उक्त बोनस शेयर क्रमशः जम्मा गरिँदै जाने व्यवस्थाका साथै शेयरधनी मार्फत कम्पनीले तोकेको ढाँचा अनुरुप निवेदन लिई बोनश शेयर जम्माको प्रक्रिया गरिने व्यहोरा जानकारी गराईन्छ । साथै हालसम्म पनि शेयर डिम्याट नगर्नु भएका शेयरधनी महानुभावहरुले शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं वा आफुलाई पायक पर्ने प्रभु बैंक लिमिटेडको शाखा कार्यालयहरुमा वा अन्य कुनै निक्षेप सदस्यहरु मार्फत हितग्राही खाता खोली शेयर डिम्याट गरि बोनस शेयर सोझै आफ्नो हितग्राही खातामा प्राप्त गर्न सकिने जानकारी गराईन्छ ।

यस इन्स्योरेन्सको शेयर मिति २०७९/११/११ गतेसम्म धितो बन्धक राखी कर्जा लिएका शेयरधनीहरुको हकमा शेयरधनीको हितग्राही खातामा उक्त बोनस शेयर कर्जा प्रवाह गर्ने सम्बन्धित बैंक/वित्तीय संस्थाहरुको नाममा नै रोक्का जनाई जम्मा हुने हुँदा सो कर्जा राफसाफ भईसकेको खण्डमा शेयरधनी महानुभावहरुलाई सम्बन्धित बैंक/वित्तीय संस्थामा सम्पर्क गरी सो बोनस शेयर फुकुवा गर्नु हुन अनुरोध गर्दै सो मिति पश्चात् रोक्का राखेका शेयरधनीहरुको बोनस शेयर शेयरधनीको हितग्राही खातामा नजनिई जम्मा भईजाने हुँदा सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुलाई निजको बोनस शेयर रोक्का भए/नभएको यकिन गर्नुहुन तथा रोक्का नरहेको खण्डमा रोक्का समेत गर्नुहुन यसै सूचनाबाट सूचित गराईन्छ ।

शेयर रजिष्ट्रार

PRABHU CAPITAL

**प्रभु क्यापिटल लिमिटेड**

कमलादी, काठमाडौं, फोन नं. ०१-४१६९१००, ५९७०२००
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com
(A Subsidiary of Prabhu Bank Limited)

(मिति २०८०/०२/१९ गते राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित)